website: www.banphikotmun.gov.np
Email: ito.banphikotmun@gmail.com

बाँफिकोट गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

बाँफिकोट गाउँपालिका रुकुम पश्चिम
कर्णाली प्रदेश नेपाल
२०७३

पत्र संख्या : ०७८।०७९(प्रशासन)
चलानी नम्बर : ५३५ मिति २०७८।८।१४।

विषय : सूची दर्ता गराउने सम्बन्धी सूचना ।
प्रथम पटक प्रकाशित मिति २०७८।८।१४।

प्रस्तुत विषयमा बाँफिकोट गाउँपालिकाको चालु आ.व. २०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार गाउँपालिका स्तरीय स्थानीय जलवायु अनुकुलन कार्ययोजना निर्माणकालागि सेवा परामर्शबाट कार्य गर्नु पर्ने भएको हुदाँ योग्य, अनुभवी तथा इच्छुक फर्म, परामर्शदाता संस्था वा कम्पनीबाट तपशिलमा तोकिए बमोजिमका आवश्यक कागजात सहित निवेदन पेश गर्न सार्वजनिक खरीद ऐन २०६३को दफा २ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को संसोधन सहित नियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएकोले सूचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समय भित्र रित पूर्वक कार्यालयको उल्लेखित इमेल ठेगाना वा कार्यालयमा निवेदन पेश गरी सूची दर्ता गराउन आह्वान गरिन्छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजात**

१ रितपूर्वकको आधिकारिक निवेदन ( सार्वजनिक खरीद नियमावली २०६४ को अनुसूची २ (क) बमोजिम )

२संस्था दर्ता प्रमाणपत्र, यस आ.व. कोलागि संस्था नवीकरण प्रमाणपत्र, आ.व.२०७७।०७८को कर चुक्ता प्रमाणपत्र, लेखा परीक्षण प्रमाणपत्र, स्थायी लेखा नम्बर र भ्याट दर्ता प्रमाणपत्र, कालो सूचीमा नरहेको स्व घोषणा प्रमाण

३ सम्बन्धित क्षेत्रको अनुभव र कार्य क्षमता खुल्ने कागजातहरु

४ संस्थाको प्रोफाइल तथा सि भि

उल्लेखित कागजात संस्थाको आधिकारिक ब्यक्तिबाट सही छाप गरी स्क्यान कपि कार्यालयको इमेल ito.banphikotmun@gmail.com ठेगानामा पठाउनु पर्नेछ ।साथै कार्यालयमा पेश गर्न चाहनेले खामबन्दी सहितको उक्त सम्पूर्ण प्रमाणित कागजात तल उल्लेखित ठेगानामा तोकिएको समयमा कार्यालयमा पेश गर्नु पर्नेछ ।आवेदक फर्म संस्था ब्यक्ति वा कम्पनीको आधिकारिक कागजातहरु अनुभव तथा संस्थागत क्षमताको आधारमा सूची तयार गरिनेछ । नियम अनुसार सूचीकृतमा परेका आवेदक फर्म, संस्था, वा कम्पनीहरुबाट आवश्यक्ता अनुसार प्रस्तावना माग गरिनेछ ।

ज्ञान बहादुर खड्का
नि प्रमुख प्रशासकीय अधिकृत
निमित्त प्रमुख प्रशासकिय अधिकृत